देउमाई  नगरपालिका

# स्थानीय  राजपत्र

खण्डः १                    संख्याः   २          मिति : २०७४/०५/१९

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई नगरपालिकाको आर्थिक ऐन

कार्यापालिकाबाट स्वीकृत मितिः २०७४।५।१५

देउमाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावना :

देउमाई नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अथै सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गनूको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २८८ को उपधारा(२) बमोजिम देउमाई नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम आर्थिक ऐन २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ श्रावण १ गनेदेखि देउमाई नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. सम्पत्ति कर : नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर।घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. देउमाई नगरपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम एकिकृत सम्पत्ति कर असुल उपर गरिनेछ ।

४.घर बहाल कर : नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आशिंक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय कर : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : नगरपालिका क्षेत्रभित्र कुनै व्यि ़ वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमाजिमो कर लगाइने र असूल उपर गरिने छ ।

७.सवारी साधन कर : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन कर : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन कर : नगरपालिका क्षेत्रभित्र हुन मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सा कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.  बहाल बिटोरी शुल्क : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोखि अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२.ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलाय र र्‍याफ्टिङ्ग शुल्क : नगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलाय र र्‍याफ्टिङ्ग सेवा संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुर : नगरपालिकाले निर्माण, स.चालन वा व्यवस्थापन गरेको अनुसुचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४.पर्यटन शुल्क : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुनको स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुने् पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सर्मन्धि कार्यविधि : यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाकले तोके अनुसार हुन्छ ।

आज्ञाले,

नाम - **प्रेम प्रसाद दाहाल**

प्रमुख प्रशासकीय अधिकृत